# "Triple Benefit Program-Nepal"

## Terms of Reference (TOR)

सहमति र वर्ल्ड वाईड फन्ड (WWF)को साझेदारीमा नवलपरासी (ब.सु.पू) जिल्लाको कावासोती नगरपालिका र हुप्सेकोट गाँऊपालिकाको गिन्द्रि जलाधार क्षेत्र र चितवन जिल्लाको भरतपुर महानगरपालिका, कालिका नगरपालिका, रत्ननगर नगरपालिका र इच्छाकामना गाँऊपालिकाको खगेरी जलाधार क्षेत्रमा सञ्चालित **(Triple Benifit Program-Nepal)** कार्यक्रम गरिरहेको छ । यस कार्यक्रम अन्तर्गत समुदायहरुको क्षमता अभिवृद्धी, जन चेतनामुलक कार्यक्रम, जलाधार क्षेत्र व्यवस्थापन, वन व्यवस्थापनमा सुधार, जीविकोपार्जन विविधीकरण, बजारमा पहुँच, वकालत र अभियानहरु, बहुपक्षिय छलफल, सहभागितामूलक र समावेशी संरक्षण अधिकारको क्षेत्रमा क्रियाकलापहरु कार्यान्वयन हुँदै छ्न । यसै कार्यक्रमका लागी अनुसुचि १ र २ अनुसार उल्लेखित ल्यापटप र प्रिन्टर खरिद गर्नुपर्ने भएकोले TOR मा उल्लेखित शर्त अनुसार आपूर्ति गर्न इजाजत प्राप्त ईच्छुक आधिकारिक डिलर, सप्लायर्स स्थानीय/राष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ता बाट सिलबन्दी दरभाउपत्र पेश गर्नको लागि आह्वान गरिन्छ ।

शर्तहरु :

१. नेपाल सरकार बाट इजाजत प्राप्त तथा सम्बन्धित कम्पनीका आधिकारीक विक्रेतहरु यो सिलबन्दी दरभाउपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूची १ र २ मा उल्लेख गरिएको सामग्रीहरूको विस्तृत विवरण र गुणस्तरको आधारमा प्रति इकाई दररेट पेश गर्नुपर्ने छ । दरभाउ पत्र पेश गर्दा सामग्रीहरुको हकमा उत्पादन कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि पनि स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ ।

३. कम्पनी/फर्म/अधिकृत बिक्रेताले सिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा उल्लेखित मिति भित्र दरभाउपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका उत्त दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन ।

४. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै दरभाउपत्र दर्ता गर्न सकिनेछ ।

५. दरभाउपत्र कागजातको मूल्य अंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा (भ्याट सहित) स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथमकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै वाध्यात्मक शर्त राखेको वा दररेट सम्बन्धी अधुरो रहेको दरभाउपत्र स्वतः रद्द हुनेछ ।

६. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

७. सिलबन्दी दरभाउपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

८. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूची १ र २ मा उपलब्ध फारमनमूना अनुसार)

ख. फर्मदर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि ।

ग. मूल्य अभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्ष (२०७८/७९) को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

घ. सलबन्दी दरभाउपत्रको बुझाएको निबेदन ।

ङ. सम्बन्धित उत्पादक कम्पनिको आधिकारीक विक्रेताको प्रमाण पत्र प्रतिलिपि ।

च. सम्बन्धीत ल्यापटप तथा प्रिन्टर को क्याटलग अनिवार्य पेश गर्नुपर्नेछ ।

९.सलबन्दी दरभाउपत्र पेश गर्दा अनिवार्य रुपमा यस TOR मा संलग्न अनुसूचि १ र २ भरि प्रत्येक पानामा हस्ताक्षर गरि अन्य कागजात सहित पेश गर्नुपर्नेछ ।

१०. सलबन्दी दरभाउपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थामा निहित हुनेछ र सो को कारण सप्लायर्स /दातालाई संस्थाले कारण खुलाउन बाध्य हुने छैन ।

११. उल्लेखित दरभाउपत्र सिलबन्दी खाममा **"ल्यापटप तथा प्रिन्टर खरिद"** लेखी मिति २०८०/०५/२९ गते (15th September 2023) बेलुका ५:०० बजे भित्र **सहमति** केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी (ब.सु.पू) मा वा हुलाक/कुरिय मार्फत पठाउन सकिनेछ ।

१२. सामाग्री खरिदका TOR/Bidding documents सम्बन्धित संस्थाको वेभसाइट : http://www.sahamati.org/notice बाट प्राप्त गर्न सकिनेछ ।

अनुसूची १ः  ल्यापटपको दर भाउ पत्र

| क. स | सामग्रीको नाम/ विवरण | स्पेशी फिकेशन | इकाई | परिमाण | दर रेट अंकमा रु.(भ्याट सहित) | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | Model | | Pcs | 3 | | | |
| | Processor: Minimum i5 11th Gen | | | | | | |
| | RAM: 16 GB | | | | | | |
| | Storage: 512GB SSD | | | | | | |
| | Graphic Card:  NVIDA Graphics | | | | | | |
| | External Interfaces/ connectors: 10/100/1000 Ethernet | | | | | | |
| | External Connections / Docking Station: At least one 3.0 USB Ports and VGA or HDMI | | | | | | |
| | Operating System: Above Windows 10 64-bit | | | | | | |
| | Monitor: Minimum 14.0" | | | | | | |
| | Cameras, Microphones or Headsets and Speakers: Windows Compatible | | | | | | |
| | Warranty: At least 1 Year | | | | | | |

नोट :

क) सामग्रीको अनुमानीत संख्यामा आवस्यकता अनुसार थपघट वा कुनै सामग्री रद्ध हुन सक्ने छ जसको लागि कोटेशनदाताले खरिद आदेश अनुसार स्वीकृत दरमा भुक्तानी पाउने छ। सामग्रीको गुणस्तर, यस परियोजना द्धारा प्राविधिक अनुगमन मार्फत निरिक्षण गरि निर्धारण गरिने छ।

ख) अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ। माथि उल्लेखित मुल्यमा भ्याट समावेश गर्नुपर्नेछ।

नामः            मितिः            छापः            हस्ताक्षरः

अनुसूची २: प्रिन्टरको दर भाउ पत्र

| क. स | सामग्रीको नाम/ विवरण | स्पेशी फिकेशन | इकाई | परिमाण | दर रेट अंकमा रु.(भ्याट सहित) | अक्षरमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| 1 | Model:<br>Printer Type: Monochrome Laser Beam printer<br>Functionality: All in one (Printer, Scan, Copy) with auto duplex<br>Page per minute: 27 page per minute (A4)<br>Printer output: monochrome/B&W<br>Connectivity: wire,Usb2.0/wifi<br>Compatibility: Windows10 (32/64 bit), Windows8.1(32/64 bit), Windows 8(32/64 bit),Windows7(32/64 bit), Windows vista(32/64 bit), Mac OS X(*4)10.6.8~, Linux(*3)<br>Device Memory: 512 MB; Ideal for Home/Offive Usage<br>Laser Toner Cartridge; Page yield; 2400 pages- as per ISO Standareds<br>Print Language: UFR II LT; Display Panel: 6.9cm BW LCD, Vari-angle operational panel | | Pcs | 1 | | | |

नोट :

क) सामग्रीको अनुमानीत संख्यामा आवस्यकता अनुसार थपघट वा कुनै सामग्री रद्ध हुन सक्ने छ जसको लागि कोटेशनदाताले खरिद आदेश अनुसार स्वीकृत दरमा भुक्तानी पाउने छ। सामग्रीको गुणस्तर, यस परियोजना द्धारा प्राविधिक अनुगमन मार्फत निरिक्षण गरि निर्धारण गरिने छ।

ख) अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ। माथि उल्लेखित मुल्यमा भ्याट समावेश गर्नुपर्नेछ।

नाम: मिति: छाप: हस्ताक्षर: